# कार्यस्थलमा शोषणको अनुभव गर्दै हुनुहुन्छ?

नेपाली

## तपाईंलाई भिसा रद्द हुनबाट बचाउन सकिन्छ ।

## अस्थायी भिसाधारकहरूको लागि नयाँ सुरक्षा

यदि तपाईंलाई काममा शोषण गरिएको छ र भिसा सर्त उल्लङ्घन गरिएको छ भने, तपाईंलाई भिसा रद्दको विरुद्धमा **ग्यारेन्टी** हुन सक्छ यदि:

- तपाईंसँग काम गर्ने अधिकार भएको अस्थायी भिसा छ
- तपाईंले कार्यस्थल शोषणको कारण त्यो भिसाको कार्य-सम्बन्धित सर्त उल्लङ्घन गर्नुभएको छ
- तपाईंले पछिल्लो १२ महिनामा शोषणको अनुभव गर्नुभएको छ
- तपाईंले एक विश्वसनीय संस्थाबाट आफ्नो शोषणको प्रमाणित प्रमाण प्राप्त गर्नुहुन्छ
- तपाईंले भविष्यमा आफ्नो भिसा सर्तहरू पालना गर्न प्रतिबद्धता गर्नुहुन्छ ।

## शोषणको रूपमा के गणना हुन्छ?

- तलब नपाएको वा कम तलब भएको काम
- असुरक्षित काम गर्ने अवस्था
- यौन उत्पीडन
- तपाईंको भिसा रद्द गर्ने धम्की
- ABN लिन बाध्य पार्ने
- अनुचित बर्खास्तगी

## तपाईं अझै पनि रद्द हुनबाट जोगिन सक्नुहुन्छ यदि:

- तपाईंसँग कुनै पनि भिसा छ (Bridging भिसासहित)
- तपाईंले कार्यस्थल शोषणको कारण त्यो भिसाको कुनै सर्त उल्लङ्घन गर्नुभएको छ
- तपाईंले एक विश्वसनीय संस्थाबाट आफ्नो शोषणको प्रमाणित प्रमाण प्राप्त गर्नुहुन्छ
- तपाईंले भविष्यमा आफ्नो भिसा सर्तहरू पालना गर्ने प्रतिबद्धता गर्नुहुन्छ ।

## अहिले नै कदम चाल्नुहोस्

1. युनियन, कानुनी केन्द्र वा मान्यताप्राप्त तेस्रो पक्षबाट **सल्लाह लिनुहोस्**
2. प्रमाणित गराउनुहोस् – तिनीहरूले तपाईंको शोषणको कुरा पुष्टि गर्नेछन्

   To find an accredited third party, go to: migrantworkers.org.au/atp
3. तपाईंको प्रमाणीकरणको साथ गृह **मामिलालाई सूचित गर्नुहोस्** homeaffairs.gov.au

**सम्पर्क गर्नुहोस्:** Fair Work Ombudsman वा एक मान्यताप्राप्त तेस्रो पक्ष

SOUTH AUSTRALIAN MIGRANT WORKERS

(08) 8279 2222

samigrantworkers.org.au

This material was developed with funding from the Australian Government.